नयाँ कोरोना भाइरस संक्रमण फैलावट रोकथाम सम्बन्धि
तोहोकु・नीइगाताको संयुक्त सन्देश
～ मन-मुटु एक ढिक्का पारेर आफ्नो प्यारो ठाँउलाइ जोगाऔँ ～

अप्रिल 16 तारिकमा「आपतकालीन घोषणा」जापान भरिका सबै प्रान्तमा लागु भएपछि, हामीहरुको क्षेत्रको हकमा, घर बाहिर जान संयमयता आपनाउने या संक्रमणको फैलावटलाई रोकथामलाइ कडाइकासाथ लागु गरेका कारणले गर्दा नयाँ संक्रमितको संख्यामा कमी हुँदै आइरहेको छ । ब्यबसायी महानुभावहरु लगायत, प्रान्त तथा नगरबासि एक-एक जनाको समझदारी तथा सहयोगको लागि याँहाहरुमा हीँदय देखि आभार तथा धन्यवाद व्यक्त गर्न चाहन्छौँ ।
यद्यपि,「आपतकालीन घोषणा」अहिलेको देशव्यापी संक्रमणको स्थितिको आधारमा मे 31 सम्म थप्ने निर्णय गरिएको छ, र अहिले कै स्थितिमा अझै ढुक्क भैहाल्ने अवस्था छैन ।
ब्यवसाय तथा सेवा सुबिधाको उपयोग तथा संचालन हुन शुरु भइसकेका स्थानहरु पनि छन तर फेरी पनि दोहोरिएर संक्रमण फैलिएमा फेरी कडाइका साथ विभिन्न उपाएहरु नअपनाइ नहुने हुन्छ । फेरी संक्रमण फैलने या अहिलेसम्मको चिकित्सा पद्दति भत्कन नदिनको लागि, प्रान्त या नगरबासि सम्पूर्ण महानुभावहरुमा, अबबाट पनि निम्न कुरामा, सहयोगको लागि कडाइका साथ अनुरोध गर्दछौं । चिकित्सा कर्मसँग सम्बन्धि महानुभावहरु लगायत, सबैको जिबन यापन अघि बढाउन बिभिन्न काममा लागि परिरहनु भएका सम्पूर्ण महानुभावहरुलाई ह्रिदय देखि धन्यवाद ब्यक्त गर्नुका साथै, तोहोकु र निइगाता एक ढिक्का भएर, नयाँ कोरोना भाइरस संक्रामक रोगलाइ सिध्याउन पहल गर्दै अघि बढौं ।

1 एक प्रान्तबाट अर्कोमा जान रोकिने काम (आत्मसंयमता अपनाउने) अझै जारी राखौ

तोउहोकु तथा निगाता प्रान्त क्षेत्रभित्रको आवतजावत या खान्तो, खान्साइ आदिका अन्य क्षेत्रसँगको आवतजावत, यात्रा तथा घर फर्कने आदि सहित, आफ्नो प्रान्तहरुबाट अनावश्यक तथा अत्यन्त जरुरी बाहेक बाहिर जानबाट जोगिनका साथै, आत्मसंयमता अपनाउ आहवान गरिएको क्षेत्रको शहरी भीडभाड क्षेत्रका प्रत्यक्ष संसर्ग हुने रेस्टुरेन्ट आदि ठाउँमा जान अझै पनि जोगिन हुन अनुरोध गर्दछौं ।

2 नयाँ जिबन शैली स्थापित गर्ने

「तिन वटा ब」(बन्द स्थान・बढी भीडभाड・बढी नजिकको संसर्ग) बाट बच्ने कुरा, राम्रोसँग हात धुने तथा मास्क लगाउने, ब्यक्ति र व्यक्ति बिचमा दुरी राक्ने, घरैबाट कामगर्ने तथा काममा जानेआउने समय फरक पार्ने लगाएतको व्यक्ति र व्यक्तिको बिचको संसर्गलाई कम गर्ने लगायतका संक्रमणको फैलावटलाई रोकथामको लागि "नयाँ जिबन शैली स्थापित" गर्न कडाइका साथ अनुरोध गरिन्छ ।

2020 मे 8 तारिख

आवोमोरी प्रान्त गभर्नर
मिमुरा सिन्गो



इवाते प्रान्त गभर्नर
तास्सो ताकुया



मियागीप्रान्त गभर्नर
मुराई योसिहिरो



आकिता प्रान्त गभर्नर
साताके नोरिहिसा



यामागाता प्रान्त गभर्नर
योसिमुरा मिएको



फुकुसिमा प्रान्त गभर्नर
उचिबोरी मासाओ



निगाता प्रान्त गभर्नर
हानाजुमी हिदेयो



सेन्दाई सिटी मेयर
कोवोरी काजुको



निगाता सिटी मेयर
नाकाहारा याइची

